# प्रदेश सभा
## सुदूरपश्चिम प्रदेश

२०७६/०२/०२
चौथो अधिवेशन
(दोस्रो बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको दोस्रो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ मा प्रत्येक आर्थिक वर्ष यस ऐन बमोजिम विनियोजन विधेयक प्रदेश सभामा पेश गर्नु भन्दा कम्तीमा एक महिना अगाबै प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयकमा समावेश हुने बजेट तथा कार्यक्रमको सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू सहितको पूर्व बजेट तयार गरी प्रदेश सभामा प्रस्तुत गर्नु पर्ने व्यवस्था अनुसार प्रदेश सभामा आर्थिक वर्ष २०७६/०७७ को पूर्व बजेट छलफलको लागि आगामी २०७६ साल जेष्ठ २ गतेका लागि विशेष समय उपलब्ध गराइदिनहुन अनुरोध गर्दछु भन्ने मिति २०७६।०२।०१ च.नं.७९१ को पत्र प्राप्त हुन आएको जानकारी गराउछु ।

***(जानकारी गराएपछि)***

३. **माननीय सदस्यहरु,**

अव म आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरालाई प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ९ र सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम १३३ को उपनियम (२) बमोजिम आगामि आ.ब. २०७६/०७७ को बजेट तयारीकालागि विनियोजन विधेयकका सिद्धान्त उद्देश्य, प्राथमिकता, प्रमुख नीतिहरु सहित पूर्व बजेट छलफलका लागि तयार पारिएको दस्तावेजलाई सभा समक्ष प्रस्तुत गर्न अनुमती दिन्छु । महान शहीदहरुको शहादतबाट प्राप्त जनमुखी संघीय लोकतान्त्रिक गणतन्तरात्मक राज्य व्यवस्थाको सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले आर्थिक कायिववर्ध ऐन, २०७४ को दफा ९ तथा प्रदेश सभा नियमावली, २०७४ को र्नयम १३३ को उपनियम (२) को कानूनी व्यवस्था अनुरूप, विनियोजन विधेयक, २०७६ का सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरु (कर प्रस्ताव बाहेक) यस गरिमामय सदन समक्ष प्रस्तुत गर्ने अनुमति चाहान्छु । मुलुकमा संघीयताको कायाीन्तवयन भएसँगै सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै आम जनताको प्रत्यक्ष रुपमा अनुभुति गर्ने गरि लोकतन्त्रको लाभ जनताको घरदैलोमा पुऱ्याउने अवसर हामी जनप्रतिनिधीहरु बीच प्राप्त भएको छ । यस सुअवसरबाट नागरिकले यथेष्ठ लाभ उठाउन सक्ने गरी काम गर्न हामी सबै प्रतिवद्ध बन्ने आजको टट्कारो आवश्यकता रहेको छ । प्रदेश सरकारको संस्थागत संरचना, मानव संसाधन व्यवस्थापन र वित्तीय स्रोत साधनको समुश्चित

परिचालन गरी जनताको विकास प्रतिको तीब्र चाहाना र प्रदेशको सीमित स्रोत साधनको उपलब्धता बीच तादम्यता कायम गर्दै विनियोजन कार्यकुशलता अभिवृद्धि गरिनेछ । विनियोजन विधेयक २०७६ को सिद्धान्त र प्राथमिकता निर्धारण गर्दा हाम्रो मुलुकलाई अंगिकार गरिएको खुला अर्थनीति, समावेशिता र नेपालको संविधान उल्लेखित समाजवाद उन्मुख स्वतन्त्र अर्थतन्त्रको विकासलाई मार्गदर्शनको रुपमा लिएको छु । साथै विगतको निर्वाचन तथा जनअनुमति चुनावी प्रतिवद्धतालाई पनि विनियोजन विधेयक, २०७६ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा आधारको रुपमा लिएको छु । माननीय सभामुख महोदय अब म बजेटका सिद्धान्त प्रस्तुत गर्ने अनुमति चाहान्छु । नेपालको संविधानमा उल्लेखित मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्ने दिशामा आगामी आर्थिक बर्षको बजेट निर्देशित हुनेछ । प्रदेशमा सरल र सक्षम अर्थतन्त्रको आधारशिला स्थापना गर्नको लागि बजेट निर्माण गर्दा संविधानले व्यवस्था गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरुको परिपालना गरिनेछ । खुला स्वतन्त्र प्रतिस्पर्धा बजार अर्थतन्त्रको सुद्धिकरणबाट उत्पादन उत्पादकत्व, उद्यमशिलता र प्रविधिलाई प्रोत्साहन गर्दै स्वतन्त्र, समृद्ध र सबल अर्थतन्त्र निर्माण गरिनेछ । नीजि क्षेत्रलाई सामाजिक जिम्मेवारी सहितको आर्थिक वृद्धिको साझेदारीको रुपमा अगाडि बढाईने छ । सार्वजनिक, नीजि र सहकारी क्षेत्रको सहभागितामा त्यो रुपमा आर्थिक वृद्धिदर हासिल गर्दै दिगो आर्थिक विकास तथा प्राप्त प्रतिफलको न्यायोचित वितरण गरि समतामुलक समाज निर्माण गर्ने सिद्धान्त अवलम्वन गरिने छ । यसबाट समृद्ध स्वादिन एवम समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको आधार तय गरिने छ । सुशासन प्रवर्द्धन गर्न सरकारी तथा गैरसरकारी क्षेत्रका सबै क्रियाकलापहरुलाई भ्रष्टचारमुक्त, पादर्शि, जवाफदेही र उत्तरदायि बनाई सेवा र सुविधाको गुणस्तर सुनिश्चित गरिनेछ । साथै बजेट प्रणालीलाई सुदृढ बनाउदै वित्तिय अनुशासन कायम गरिनेछ । प्रदेमा उपलब्ध वित्तिय तथा प्राकृतिक स्रोत र साधनको कुशलतापूर्वक उपयोग गरि विकासको प्रतिफल वितरणमा समन्यायिक सिद्धान्तको अनुरुप विकास निर्माणका क्रियाकलाप र अवसरहरुमा समानुपातिक र समावेशिताको सिद्धान्त अवलम्वन गरिनेछ । प्रदेशलाई प्राप्त राजश्व परिचालन अधिकारको अधिक्तम सदुपयोग गरि प्रदेशको आयमा आन्तरिक राजश्वको आकार बढाउन करका स्थापित सिद्धान्तहरुलाई अवलम्वन गरिनेछ । कर नीतिलाई मैत्रिपुर्ण बनाई कर संकलन गरिने छ । आम प्रदेशवासिलाई आफ्नो ज्ञान, सीप, दक्षता र क्षमताको समउपयोग गर्ने गरि आर्थिक क्रियाकलापमा संलग्न हुने बाताबरण निर्माण गर्दै प्रदेशमा उद्यमशिलता विकासका लागि लगानीमैत्री बाताबरण तयार गरिनेछ । उपलब्ध न्यून स्रोत र साधनबाट अधिक्तम प्रतिफल हासिल गर्नुपर्ने अवस्थामा प्राथमिकतामा आधारित कार्यक्रम तथा आयोजना छनौट गर्ने सिद्धान्त अवलम्बन गरिने छ । आगामी आर्थिक बर्ष ०७६।०७७ को बार्षिक विकास कार्यक्रम निर्माण गर्दा बजेटका मुल्य मान्यता सिद्धान्त, विधि, प्रक्रिया अनुसरण गर्दै योजना छनौटको मापदण्ड निर्माण गरि लागु गरिने छ । बजेट तर्जुमा गर्दा नेपाल सरकारको वित्त नीति नेपाल राष्ट्र बैंकले जारी गर्ने मौद्रिक नीति प्रदेश सरकारको नीति तथा कार्यक्रम र स्थानीय तहका आवश्यकता समेतलाइ ध्यानमा राखि समन्वय र सहकारीताको सिद्धान्त अवलम्बन गरिने छ । माननीय सभामुख महोदय अब म आर्थिक बर्ष ०७६।०७७ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहान्छु । समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्ने, कृषिमा आत्मनिर्भरता हासिल गर्ने, उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, दिगा आर्थिक विकास गर्ने, पिसिएको वर्गलाई सामाजिक न्याय सहितको सुरक्षा प्रदान गर्ने, प्रदेशका नागरिकलाई सुशासनको प्रत्याभुति गराउने, प्रदेशका नागरिकलाई सो आर्जन उन्मुख उन्मुख गराई बेरोजगारी अन्त्य गर्ने, निर्यातलाई प्रोत्साहन गर्दै आयात प्रतिस्थापन गर्ने, समग्र आर्थिक स्थायित्व कायम गर्ने र उच्च शिक्षालाई प्राथमिकता दिने । माननीय सभामुख महोदय, अब म कर प्रस्ताव बाहेकको आर्थिक वर्ष २०७६ र ०७७ को बजेटका प्राथमिकताहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु, । गरिवीबाट आक्रान्त नागरिकलाई तत्काल राहत पुग्ने गरी गरिवी न्यूनीकरण लक्षित कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखिनेछ । स्थानीय

स्रोत, सीप र साधनमा आधारित रोजगारी तथा स्वरोजगारी मार्फत आयआर्जन वृद्धि गर्ने क्रियाकलापहरुलाई प्राथमिकता दिई प्रोत्साहन गरिनेछ । यातायात, संचार, खानेपानी र विद्युतीकरण लगायतका आधारभूत विकासको पहुँच प्रदेशको सबै क्षेत्रमा पुयाउने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । शिक्षा, स्वास्थ्य, मानव विकास लगायतका सूचकांकमा पछाडि परेका बाजुरा,बझाङ्ग, दार्चुला र अछाम जिल्लाहरुमा संचालन हुने कार्यक्रमहरुलाई प्राथमिकताकासाथ बजेट विनियोजन गरी कार्यान्वयन गरिनेछ । उक्त जिल्लाहरुमा रहेका छाउपडी प्रथा, जातीय छुवाछुत लगायतका सामाजिक कुरीतिहरु विरुद्ध लड्न विशेष कार्यक्रम सहित अभियान संचालन गरिनेछ । संविधान प्रदत्त मौलिक हकको कार्यान्वयन गर्ने नीति तथा कार्यक्रमहरुलाई उच्च प्राथमिकताका साथ लागु गरिनेछ । संविधानको मार्गदर्शन र संघीय सरकारले लिएका राष्ट्रिय विकासका लक्षहरु हासिल गर्ने क्रममा संघीय सरकार तथा स्थानीय तहको साझेदारीमा संचालन गरिने पूर्वाधार विकास र सेवा प्रवाहसँग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ । प्रदेशको विकास निर्माण र सेवा प्रवाहलाई जवाफदेही, उत्तरदायी एवं पारदर्शी बनाउँदै प्रविधिको प्रयोग मार्फत सूचना र सेवा प्रवाहलाई सुशासन प्रवर्द्धनमा टेवा पुयाउने कार्यक्रम संचालन गरिनेछ । माननीय सभामुख महोदय, अब म आर्थिक वर्ष २०७६र०७७ को बजेट विनियोजनको लागि अवलम्बन गरिने प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रदेशमा रहेका गरिव नागरिकहरु र गरिव घरपरिवार पहिचान गरी गरिवीसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई अद्यावधिक गरी तिनीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ । जनताहरुसंग रहेको ज्ञान, स्थानीय सीप र क्षमता पहिचान गरी तिनीहरुको आधारभूत आवश्यकताको उपलब्धता र आवश्यकता बीचको अन्तर पहिचान गरी स्वरोजगार बनाइनेछ । जनतालाई आर्थिक क्रियाकलापमा आवद्ध गराउने गरी आयआर्जन बढाउने र सामाजिक परिचालन मार्फत सशक्तीकरणका कार्यक्रमहरु संचालन गरिनेछ । प्रदेश सरकारले कार्यक्रमहरु संचालन गर्दा संघीय सरकारले यस प्रदेशमा संचालन गरेका गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमहरुको परिपूरक हुनेगरी संचालन गर्नेछ । संघीय सरकार र स्थानीय तह सहितको साझेदारी र विकास साझेदारहरु समेतको संलग्नतामा संचालित पोषण कार्यक्रमहरुलाई सहयोग पुग्ने गरी प्रदेश सरकारले कार्यक्रम संचालन गर्नेछ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गरी आत्मनिर्भर हुने नीति अवलम्बन गरिनेछ । प्रदेश सरकारको अधिकारमा रहेका सडक संजालको आवश्यकता पहिचान गरी आवश्यक मर्मत सम्भार, नयाँ लोकमार्गहरुको निर्माण र नियमित संचालन हुनसक्ने गरी यातायातलाई भौतिक पूर्वाधारको प्रमुख मेरुदण्डको रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ । संचार पूर्वाधारको समुचित निमार्ण मार्फत सूचना प्रवाह, सशक्तीकरण र सेवा प्रवाहसंग जनतालाई आवद्ध गरी आधुनिक प्रविधिको प्रयोग र पहुँच विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । यस प्रदेशमा रहेको जलविद्युतको प्रचुर सम्भाव्यताको अधिकतम लाभ लिनको लागि राष्ट्रियस्तरका ठुला परियोजना निर्माणको लागि संघीय सरकारसंग आवश्यक समन्वय गरिनेछ । जलविद्युत उत्पादन, प्रसारण र वितरण मार्फत सबै जनताको ऊर्जामा पहुँच पुयाउने नीति लिइनेछ । वैकल्पिक ऊर्जा र लघु(जलविद्युतका कार्यक्रम मार्फत ग्रामीण विद्युतीकरण गर्ने नीति अवलम्बन गरिनेछ । आम प्रदेशवासीलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलब्ध गराउनेतर्फ उच्च प्राथमिकताका दिइनेछ । खेतीयोग्य भूमिमा उत्पादकत्व वृद्धि गर्न साना सिंचाई, सतह सिंचाई, डिप ट्युवेल र मध्यम खालका सिंचाई प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिनेछ । माननीय सभामुख महोदय, अब म आर्थिक वर्ष २०७६र०७७ को बजेट विनियोजनको लागि अवलम्बन गरिने प्रमुख नीतिहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु, । प्रदेशमा रहेका गरिव नागरिकहरु र गरिव घरपरिवार पहिचान गरी गरिवीसंग सम्बन्धित सूचना तथा तथ्यांकहरुलाई अद्यावधिक गरी तिनीहरुलाई सामाजिक सुरक्षाको दायरामा ल्याइनेछ । जनताहरुसंग रहेको ज्ञान, स्थानीय सीप र क्षमता पहिचान गरी तिनीहरुको आधारभूत

आवश्यकताको उपलब्धता र आवश्यकता बीचको अन्तर पहिचान गरी स्वरोजगार बनाइनेछ । जनतालाई आर्थिक क्रियाकलापमा आवद्ध गराउने गरी आयआर्जन बढाउने र सामाजिक परिचालन मार्फत सशक्तीकरणका कार्यक्रमहरु संचालन गरिनेछ । प्रदेश सरकारले कार्यक्रमहरु संचालन गर्दा संघीय सरकारले यस प्रदेशमा संचालन गरेका गरिवी निवारणसंग सम्बन्धित कार्यक्रमहरुको परिपूरक हुनेगरी संचालन गर्नेछ । संघीय सरकार र स्थानीय तह सहितको साझेदारी र विकास साझेदारहरु समेतको संलग्नतामा संचालित पोषण कार्यक्रमहरुलाई सहयोग पुग्ने गरी प्रदेश सरकारले कार्यक्रम संचालन गर्नेछ । निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक कृषि प्रणालीमा रुपान्तरण गरी आत्मनिर्भर हुने नीति अवलम्बन गरिनेछ । प्रदेश सरकारको अधिकारमा रहेका सडक संजालको आवश्यकता पहिचान गरी आवश्यक मर्मत सम्भार, नयाँ लोकमार्गहरुको निर्माण र नियमित संचालन हुनसक्ने गरी यातायातलाई भौतिक पूर्वाधारको प्रमुख मेरुदण्डको रूपमा विकास गर्ने नीति अवलम्बन गरिनेछ । संचार पूर्वाधारको समुचित निमार्ण मार्फत सूचना प्रवाह, सशक्तीकरण र सेवा प्रवाहसंग जनतालाई आवद्ध गरी आधुनिक प्रविधिको प्रयोग र पहुँच विस्तार गर्ने नीति अवलम्बन गरिनेछ । यस प्रदेशमा रहेको जलविद्युतको प्रचुर सम्भाव्यताको अधिकतम लाभ लिनको लागि राष्ट्रियस्तरका ठुला परियोजना निर्माणको लागि संघीय सरकारसंग आवश्यक समन्वय गरिनेछ । जलविद्युत उत्पादन, प्रसारण र वितरण मार्फत सबै जनताको ऊर्जामा पहुँच पुयाउने नीति लिइनेछ । वैकल्पिक ऊर्जा र लघु(जलविद्युतका कार्यक्रम मार्फत ग्रामीण विद्युतीकरण गर्ने नीति अवलम्बन गरिनेछ । आम प्रदेशवासीलाई स्वच्छ खानेपानी तथा सरसफाईको सुविधा उपलब्ध गराउनेतर्फ उच्च प्राथमिकताका दिइनेछ । खेतीयोग्य भूमिमा उत्पादकत्व वृद्धि गर्न साना सिंचाई, सतह सिंचाई, डिप ट्युवेल र मध्यम खालका सिंचाई प्रणालीको विकास गर्ने नीति अवलम्बन गरिनेछ । सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय गरिनेछ । सीमान्तकृत वर्ग र समुदायको लागि आर्थिक सुरक्षाको व्यवस्थाको लागि आवश्यक पहल गरिनेछ । श्रम तथा रोजगारीका अवसरहरू सिर्जना गर्नका लागि आवश्यक नीतिगत तयारी गरी असल श्रम सम्बन्ध स्थापित गर्ने कार्यदिशा तय गरिनेछ । बेरोजगारीको अन्त्य गर्न प्राविधिक सीपयुक्त जनशक्ति तयार गरी लघु उद्यमको माध्यमबाट स्वरोजगार वृद्धि गर्न बजेट विनियोजन गरिनेछ । उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने कार्यक्रमलाई प्रथामिकता प्रदान गरी रोजगारीका अवसर सिर्जना गर्ने, आयात प्रतिस्थापन गर्ने, निर्यात प्रवर्द्धन गर्ने उद्योग, लघु तथा घरेलु एवं कुटीर उद्योगको स्थापना र विस्तार गर्दै जाने नीति अवलम्बन गरिनेछ । कृषिमा आधारित ग्रामीण उद्योगको स्थापना तथा संचालन गर्दै कृषिमा आत्मानिर्भरताको नीति अवलम्बन गरिनेछ। माननीय सभामुख महोदय, प्रदेशवासीको आवश्यकता र साधनको उपलब्धताको आधारमा प्राथमिकीकरण गरिएका माथिका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरूको परिधिभित्र रही आगामी आर्थिक वर्षको बजेट तयार गरिने कुरामा माननीय सांसदज्यूहरूलाई विश्वस्त तुल्याउन चाहन्छु । माननीय सांसदज्यूहरूबाट आर्थिक वर्ष २०७६र०७७ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) को प्रस्ताव माथि बृहत् छलफल गरी रचनात्मक सुझाव दिनु हुनेछ भन्ने कुरामा म विश्वस्त छु । ती सुझावहरू र निकट भविष्यमा जारी हुने प्रदेश सरकारको नीति तथा कार्यक्रम आगामी आर्थिक वर्ष २०७६र०७७ को बजेट निर्माणको सन्दर्भमा मार्गदर्शनको रूपमा रहने व्यहोरा गरिमामय सभा समक्ष अनुरोध गर्दछु । साथै यस विनियोजन विधेयकको सिद्धान्त र प्रथामिकतामा आफ्नो अमुल्य राय सुझाव प्रदान गरी सहयोग गर्ने प्रदेश सभाका सम्पूर्ण माननीय सांसदज्यूहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । माननीय सभामुख महोदय, माननीय सभामुखज्यूबाट आर्थिक वर्ष २०७६र०७७ को विनियोजन विधेयकका सिद्धान्त, उद्देश्य, प्राथमिकता र प्रमुख नीतिहरू (कर प्रस्ताव बाहेक) सम्मानित सभा समक्ष प्रस्तुत गर्नको लागि विशेष समय प्रदान गरिएकोमा माननीय सभामुखज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। माननीय

सांसदज्यूहरुले यस सम्बन्धमा घनिभूत छलफल गरी आगामी आर्थिक वर्षको बजेट निर्माणमा रचनात्मक सुझाव दिनु हुनेछ भन्नेमा म विश्वस्त छु । माननीय सांसदज्यूहरुबाट प्राप्त हुने सुझावलाई आर्थिक वर्ष २०७६र०७७ को बजेट निर्माण गर्दा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु । धन्यवाद ।

(पूर्व बजेट प्रस्तुत भएपछि)

४.**माननीय सदस्यहरु,**

आर्थिक मामिला तथा योजना मन्त्री मा० झपट बहादुर बोहरा द्वारा प्रस्तुत गरिएको पूर्व बजेट छलफलका लागि तयारी दस्तावेज माथिको छलफल २०७६ साल जेष्ठ ६ गते सोमबार दिनको २:०० बजे देखि शुरु हुने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।